धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९ ,अङ्क ४३ ◆ २०७९ भाद्र १२ आईतबार ◆ Sunday, AUGUST 28,2022 ◆ ने सं ११४२ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## एमालेले टुङ्ग्यायो प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेद्वारको मापदण्ड

*प्रत्यूष समाचारदाता*

नेकपा एमालेले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मापदण्ड निर्धारण गरेको छ। शुक्रबार र शनिबार बसेको एमालेको केन्द्रीय कमिटी बैठकले मापदण्ड तयार पार्दै यहि २२ भदौभित्र उम्मेदवार सिफारिस गर्न मातहतका निकायलाइ निर्देशन दिएको छ। एमालेले पार्टी नीति र कार्यक्रमप्रतिको प्रतिबद्धता, लोकप्रियता र विजयको सुनिश्चितता, पार्टीप्रतिको निष्ठा र आन्दोलनमा योगदान, सन्तुलन र समावेशिता तथा निर्वाचन कानुन बमोजिमको योग्यता भएको व्यक्तिलाइ उम्मेद्वार बनाउन सक्ने परिमापदण्ड तोकेको हो ।

बैठकले प्रतिनिधिसभाका लागि सम्बन्धित प्रतिनिधिसभा क्षेत्र समन्वय कमिटी र प्रदेशका लागि सम्बन्धित प्रदेश सभा क्षेत्र समन्वय कमिटीबाट उम्मेदवारको सिफारिस गर्न निर्देशन गरेको हो। क्षेत्रीय कमिटीहरूले गरेको सिफारिसमा आवश्यक भए जिल्ला र प्रदेशले राय सहित सिफारिस गर्न निर्देशन गरिएको प्रचार बिभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसरी सिफारिस गर्दा एक महिला सहित ३ जनाको नाम सिफारिस गर्नुपर्नेछ। यस्तै समानुपातिक निर्वाचन प्रणालीबाट सांसद बनेकालाइ फेरि नदोहोऱ्याउने निर्णय पनि गरेको छ। स्थानीय तहमा निर्वाचित भएकाहरूलाई पनि राजीनामा दिएर संघीय तथा प्रदेशसभाको सांसद नपाउने गरी मापदण्ड निर्धारण गरेको छ। समानुपातिक तर्फको बन्दसूची तयार पार्दा प्राप्त अवसरको न्यायोचित वितरण हुने गरि सुची निर्धारण गर्ने निर्णय भएको पनि गुरुङले बताउनुभयो ।

### बन्यजन्तुको आखेटोपहारसहित धादिङका तामाङ पक्राउ

## चार किलो ९४ ग्राम चरेश र बन्यजन्तुको आखेटोपहार बरामद

*प्रत्यूष समाचारदाता*



लागूऔषध र बन्यजन्तुको आखेटापहार कारोबार गर्ने धादिङका एक जना पक्राउ परेका छन्। प्रहरीले काठमाडौंको तारकेश्वर नगरपालिका-१० स्थित लोकतान्त्रिक चोकबाट लागूऔषध र बन्यजन्तुको आखेटापहार कारोबार गर्ने धादिङको खनियावास गाउँपालिका वडा नं १ घर भएका सुक बहादुर तामाङलाई पक्राउ गरेको छ। भदौ ८ मा पक्राउ परेका तामाङको साथबाट लागुऔषध एम्फेटामाइन ७९ ग्राम, ४ किलो ९४ ग्राम चरेश र आखेटोपहार बरामद गरिएको लागूऔषध नियन्त्रण ब्यूरोका एसपी योगेन्द्र खड्काले जानकारी दिनुभयो । काठमाडौंमा रहेको आरोपीको डेराबाट लागु औषध नियन्त्रण ब्यूरोको टोलीले १ हजार दरको १ थान नक्कली रुपैयाँ, २३६ थान नक्कली अमेरिकी डलर, ११ वटा सालकको खपटा, ६ वटा जंगली जनावरको दाँत, पंक्षीको खुट्टा ३ वटा र विभिन्न जनावरका हयीहरु बरामद गरेको छ। उनको साथबाट प्रहरीले भुटान, म्यानमारसहित ९ देशका मुद्रा बरामद गरेको छ । थाइल्याण्डबाट ल्याएको एम्फेटामाइन १० हजारमा बेच्न खोज्दा पक्राउ परेका सुकबहादुर २०७४ माघमा खैरो हेरोइन सहित पाकिस्तानमा पक्राउ परेर छुटेका थिए ।

छिटो ,छरितो र सर्वशुलभ छपाईको लागि एकमात्र विकल्प

शुलभ प्रेस



यहाँ डेस्कटप सम्बन्धि सम्पूर्ण कामहरुका साथै फोटोकपी, छपाई, विवाह कार्ड, भिजिटिङ कार्ड, बिल, भौचर , लेटरप्याड , प्रमाण पत्र, सम्मान-पत्र, सरकारी कार्यालय, संघसंस्था, पत्रपत्रिका, प्रचार प्रशारका सामाग्री तथा फोटो सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

नीलकण्ठ नगरपालिका-३, सुगमटोल धादिङबेशी

सम्पर्क नम्बर :-९८५१२२०८६०,०१०-५२१४३०,०१०-५९०४३०

## स्थानीय तह निर्वाचनको तुलनामा बलियो तालमेल हुने प्रचण्डको भनाइ

*प्रत्यूष समाचारदाता*

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आगामी संघ र प्रदेशको निर्वाचनमा गठबन्धन दलबीच स्थानीय तह निर्वाचनको भन्दा बलियो तालमेल हुने बताउनुभएको छ । अबको चुनावी तालमेलले पहिलेको भन्दा राम्रो परिणाम दिने पनि उहाँले उल्लेख गर्नुभयो । शनिबार बुटवलमा पार्टी प्रशिक्षण कार्यक्रमपछि पत्रकारहरूसँग कुरा गर्दै अध्यक्ष प्रचण्डले स्थानीय तहको निर्वाचनमा आपसी तालमेल राम्रो नभएपनि प्रदेश र संघको निर्वाचन राम्रो गर्ने प्रयास भइरहेको बताउनुभयो । स्थानीय तहको निर्वाचनबाट शिक्षा लिएर गठबन्धन थप मजबुद बनाइने प्रचण्डको भनाइ रहेको थियो । लुम्बिनी प्रदेशका स्थायी कमिटी सदस्य, केन्द्रीय सदस्य, प्रदेश पदाधिकारीहरूलाई राजनीतिक प्रशिक्षण दिँदै प्रचण्डले भदौ २० गतेसम्म माओवादी केन्द्रले स्थानीय पालिका, जिल्ला, प्रदेश र संघका उम्मेद्वारहरूको सिफारिस केन्द्रमा पठाउन आग्रह गर्नुभएको थियो ।

तपाईको व्यवसाय विस्तारको लागि
रेडियोबाट
सूचना या विज्ञापन प्रशारण गर्नु छ ?

यदि छ भने नीलकण्ठ एफ.एम ९८.५ मेगाहर्जलाई सम्झनुहोस् ।
नीलकण्ठ नगरपालिका-३ सुगमटोल धादिङबेशी
फोन नं ०१०-५२१४३०/५९०४३०, ९८५११२०८५०

98.5 MHz Neelkantha FM Dhading

email:neelkanthafm@gmail.com
Web :- neelkanthafm.com

## सम्पादकीय ....

### भिजन भएकालाई अगाडी सारौँ !

अहिले देशैभर संघ र प्रदेशको निर्वाचनको माहोल तातिदै छ। आगामी मंसिर ४ गते हुने भनिएको निर्वाचनको लागि बिभिन्न राजनितिकदलहरु दौडधुप चलिरहेको छ। बिभिन्न दलले बिभिन्न स्थानमा आफ्नो पार्टी कार्यकर्तालाई प्रशिक्षण दिन व्यस्त रहेका छन् । जताततै राजनीतिक दलहरुविचमा एक प्रकारका बहस भैरहेको छ । हुनत पछिल्लो समय निर्वाचनका दिनहरु नजिकिँदै गैरहेको यो अबस्थामा दलहरुका नेता कार्याकर्ताबाटै यसपालि पख् भन्ने खालका कार्यक्रम तथा गतिविधिहरु संचालन भैरहेका सर्वत्र देख्न सकिन्छ। एउटा सिंगो दलमाथि नै प्रश्न उठाएर यसरी लाग्नेहरु सबै दलसम्बद्ध भएको देख्न सकिन्छ तर, प्रश्न रह्यो दललाई हराउने कुराको ।

बाम एकताका कुरा गरेर यस अघिका निर्वाचनहरुमा समेत नथाकेकाहरु अहिले पनि उक्त मुद्धा उठाईरहेका छन् भने बाम गठबन्धनको कुरा गर्नेहरु पनि एक किसिमले अगाडि बढाईरहेका छन् । निर्वाचन जितेकाहरु मध्येको एउटा इमान्दारीता, जवाफदेहीता तथा सहनसिल तथा नागरिकप्रतिको उत्तरदायि नेतृत्वको रुपमा हर्क साङपाङले एक किसिमको भूमीकाको तुलनामा अन्यको त्यो किसिमको लगनशिलता पाउन नागरिकलाई गाह्रो छ। यसकारण स्वतन्त्रको विउको रुपमा उनले गरेका जस्तै दलबाट निर्वाचित हुनेहरु आफ्नो भिजन सहित निर्वाचनमा जाँदा उचित होला ।

आफुले जित्न जेसुकै गर्ने र अन्यको हिसाव नगर्ने जुन परिपार्टी छ त्यसको अन्त्य गर्ने र सिंगो देशबासीकै हित हुने पक्षमा काम गर्ने गरी दलहरु अगाडि बढुन् यसले कार्याकर्तामा निरासा कम गर्न सहयोग गर्छ ।यस अघि स्थानीय तहको निर्वाचनमा दुईवटा पक्षहरुविचमा गठबन्धन नगरिएमा त्यो गठबन्धन आगामी निर्वाचनसम्म कायम होला कि नहोला ? यो पनि वहसकै रुपमा अगाडि बढिरहेको छ। संघ प्रदेशको निर्वाचन आफ्नो पक्षमा पार्नकै लागि सबै पक्षबाट प्रयास भैरहेका छन् ।

अहिलेको समयमा निर्वाचनबाट जित हात पार्न कुरा आम राजनीतिक दलहरुका लागि पेचिलो बन्दै गैरहेको कुरामा दुइमत छैन तर, राजनीतिक दलको विकल्पमा कसैलाई जिताईहाल्नुपर्ने मुख्य मुख्य कारण पनि यो यो हुनसक्छन् भन्ने खालको ठोस तर्क पनि आईरहेको छैन यसर्थ दलहरुको विरोधमा सबै सखाप पार्नुपर्छ भन्ने खालको एउटा भ्रम छ सिमित ठाउँ विशेष बाहेकका स्थानलाई त्यो वहस पनि सुहाउँदो छैन।यस अघिको स्थानीय तहको निर्वाचनमा जित हारको स्थिति हेर्ने हो भने स्वतन्त्र रुपमा जित हात पारेका नाम बाहेकका स्वतन्त्र कति जना ? के यो दलका कार्यकर्ताहरुको हिसावमा छ ? कि काठमाण्डौका बालेन र धरानका हर्कजस्तै देशैभरी स्वतन्त्रको लहर चलेको छ ? यस पटक संघीय निर्वाचनमा रविले नै जिते भने उनी प्रधानमन्त्री होलान त ? कि देशैभरी बहुमतै जित्लान् त?रवि लामिछानेको पार्टीमै यसको हिसाव कस्तो छ त्यो हेर्न बाँकी नै छ केही समयमा यसको हिसाव गर्ने दिन पनि आउँछ तर विडम्बना के छ भने दलका झोला बोकेर देशको परिवर्तन गर्नका लागि जस जसले योगदान गरेका छन् ।

पाठक वर्गमा अनुरोध !

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक"** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# चुनाव लड्न नेपाली रुपैयाँ होइन, भारू र डलर चाहिने भयो



गोपाल किराँती

जनविद्रोहकालीन नेकपा (माओवादी) को नेतृत्व गरेका पार्टीका नेताहरू समाजको गुणात्मक परिवर्तनका निम्ति योग्य थिएनन् । त्यो अयोग्यताको प्रथम संविधानसभाको अन्त्य हुँदै आउने क्रममा व्यापक र विद्रुप प्रदर्शन भएको छ ।पहिलो पुस्तालाई सच्याउने र विकल्प दिने गरी हामी दोस्रो पुस्ता पनि योग्य हुन सकिरहेका छैनौं । पहिलो पुस्ताले अयोग्यता प्रदर्शन गरेपछि दोस्रो पुस्ताका युवा भनिनेहरूले आफ्नो योग्यता प्रदर्शन गर्न सक्नुपर्थ्यो, तर हामीले पनि सकेनौं । सैद्धान्तिक रूपमा प्रजातान्त्रिक समाजवाद कि वैज्ञानिक समाजवाद भन्ने विचारधारात्मक संघर्ष नेपाली समाजमा सञ्चालन भइरहेको छ । यद्यपि, प्रयास भइरहे पनि यसको संश्लेषण हुनसकेको छैन ।

राणाशासनमा निर्वाचन नहुने भएरै तत्कालीन व्यवस्थालाई निरंकुश जहानियाँ शासन भनियो । त्यसविरुद्ध आन्दोलन, बगावत भए । चार जना शहीद जन्माउँदै नेपाली समाज अघि बढ्यो । जब २००७ सालमा १०४ वर्षको राणा शासन अन्त्य भएर संसदीय बहुदलीय प्रजातन्त्र स्थापना भयो लगत्तै राजधानी रहेको काठमाडौं नगरपालिकाका निम्ति पहिलो निर्वाचन भयो ।त्यसमा नगर सदस्य निर्वाचित हुने एकजना मानिकलाल श्रेष्ठ अहिले दिवंगत भइसक्नुभयो। उहाँबाट नेपाली समाज र खासगरी हामी मार्क्सवादी हरूले धेरै मार्गदर्शन प्राप्त गरेका छौं ।

काठमाडौंमा सम्पन्न उक्त निर्वाचनको मूल चरित्र व्यक्ति जित्ने प्रणालीमा आधारित थियो, जसलाई व्यक्तिवादी निर्वाचन प्रणाली पनि भन्न सकिन्छ । तर, त्यो राजधानीका निम्ति मात्रै थियो । देशव्यापी रूपमा २०१५ मा सम्पन्न संसदीय निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गर्‍यो तर, प्राप्त परिणामको रक्षा गर्न सकेन ।तत्कालीन राजा महेन्द्रले २०१७ मा त्यो बहुदलीय प्रजातन्त्र समाप्त गरेर निर्दलीय व्यवस्था लागू गरे । बहुदल समाप्त गरिएतापनि निर्दलीय पञ्चायतअन्तर्गत गरिने निर्वाचन पनि पहिलो हुने व्यक्ति जित्ने प्रणाली नै थियो ।

यो नेपाली कांग्रेसको निर्वाचन प्रणाली हो । राणा शासनबाट महेन्द्रले सिक्ने कुरा भएन । उनले कांग्रेसबाट प्रजातान्त्रिक विचारधारा सिके । निर्दलीय व्यवस्थाअन्तर्गत नै गाउँ फर्क अभियान चलाइयो । प्रधानपञ्चलाई २१ वर्ष उमेर समूह पुगेकाले मतदान गर्ने र प्रधानपञ्चले मतदान गरेर राष्ट्रिय पञ्चायतहरू निर्वाचित गर्ने व्यवस्था महेन्द्रले निर्दलीय व्यवस्थामा पनि लागू गरे ।त्यसपछि २०३६ सालमा विद्यार्थी आन्दोलनको प्रतिफलस्वरुप निर्दल र बहुदलको जनमत संग्रह भयो। थोरै मतले मात्रै निर्दलीय व्यवस्था विजयी भयो । बहुदलीय व्यवस्था रहन सकेन । त्यसैले राजा र पञ्चहरू मिलेर सुधारिएको पञ्चायती व्यवस्थाको संविधान बनाए ।

राष्ट्रिय पञ्चायत सदस्य, वडादेखि माथिसम्मै पहिलो हुने व्यक्तिले चुनाव जित्ने निर्वाचन प्रणाली अख्तियार भयो । तर, २०४६ सालको जनआन्दोलनपछि पनि त्यही निर्वाचन प्रणाली कायम राखियो ।त्यसपछि हामीले संसदवाद मूर्दावाद भनेर 'जनयुद्ध' लड्यौं। साथै मधेश, जनजातिलगायत तमाम आन्दोलन भए। तर, पहिलो संविधानसभाबाट संविधान बनाउन सकिएन । यसको आन्तरिक कारण मोहन वैद्य किरण, रामबहादुर थापा बादल, नेत्रविक्रम चन्द विप्लव, देव गुरुङ र पम्फा भुसालहरू हुन् ।

पहिलो संविधानसभामा तत्कालीन नेकपा माओवादी मुख्य दल थियो। तर, माओवादीको आफ्नो मतले मात्रै संविधान त के सरकार बनाउन पनि सकिंदैनथ्यो । यद्यपि, माओवादी ठूलो दल थियो । माओवादी र खासगरी प्रचण्ड र बाबुरामकै प्रयासले कांग्रेस, एमालेलाई घिसारेर ठीक ठाउँमा ल्याइएकै थियो । जसले अधिकतम संविधान जारी गर्ने निर्णय हुनसक्यो ।बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा म पनि मन्त्री थिएँ । २३ वैशाख २०६९ को राति माओवादी, कांग्रेस र एमालेको बीचमा राजनीतिक समझदारी भएछ। त्यो राजनीतिक समझदारी अनुसार संविधान जारी गर्नका निम्ति राष्ट्रिय एकताको सरकार बनाउने अर्को सहमति भएछ । माओवादीका तर्फबाट प्रधानमन्त्रीमा बाबुराम भट्टराई कायम राख्ने र केही माओवादीका स्थायी समिति सदस्यबाहेक हामी जम्मैलाई राजिनामा गराउने निर्णय भएको रहेछ । बिहान मात्रै हाम्रो राजिनामाको निर्णय भएको थाहा भयो । संविधान बन्ने मूल्यमा हामीले दुःखमनाउ गरेनौं।२०६४ सालको पहिलो संविधानसभामा हामी विकास निर्माणका काम गर्न नभएर संविधान निर्माण गर्नका लागि निर्वाचित भएका थियौं । सांसदको काम पनि गर्नुपर्थ्यो तर, मुख्यतः हामी सभासद मात्रै थियौं। त्यतिबेला पहिलो, फ्रान्सेली ढाँचाको मिश्रित शासकीय स्वरुपमा सहमति भएको थियो । जहाँ राष्ट्रपति र प्रधानमन्त्रीको कार्यविभाजन गरिन्छ । प्रत्यक्ष जननिर्वाचित राष्ट्रपति, संसदले निर्वाचित गर्ने प्रधानमन्त्रीको मोडेलमा कांग्रेस र एमाले सहमत भइसकेका थिए ।

दोस्रो, संयुक्त पहिचानसहित तमुवान-गण्डक भन्ने किसिमका नाम राख्ने गरी ११ प्रदेशको संघीयतामा पनि सहमति भएको थियो। तेस्रो, दलितको अधिकारको प्रश्न । व्यवहारमा के हुन्थ्यो भन्ने छुट्टै कुरा हो । संविधानमा हामी मार्क्सवादीहरूले भन्ने गरेको वैज्ञानिक समाजवादी राज्य-व्यवस्थामा मात्रै प्राप्त हुनसक्ने दलितसम्बन्धी अधिकारको व्यवस्था पनि गरिएको थियो।यस्तो सहमतिको संविधान जारी गर्नका निम्ति हामीलाई राजिनामा गराइयो । २४ वैशाख २०६९ मा नेपाली कांग्रेसका तर्फबाट कृष्णप्रसाद सिटौला र एमालेका तर्फबाट ईश्वर पोखरेल उप-प्रधानमन्त्री भएर शपथ ग्रहण गर्नुभयो ।

पछिल्लो २०७२ सालको संविधानका तुलनामा अधिकतम प्रगतिशील संविधान निर्माणको सहमति गरेर जारी गर्नका लागि राष्ट्रिय एकताको सरकार समेत बन्यो । तर, माओवादीभित्रका वैद्य, बादल, विप्लव, पम्फा भुसाल र देव गुरुङलगायत ठूलै तप्काले नयाँ जनवादी संविधान खोजे। शब्द अर्कै भए पनि उहाँहरूको सार त्यही थियो ।

अनि माओवादी नाममात्रको रह्यो '

नयाँ जनवादी संविधान त माओत्सेतुङले निर्माण गर्नुभयो, जुन बन्दुकले केन्द्रीय सत्ता कब्जा गरेर निर्माण गर्ने हो । नयाँ जनवाद भनेको सर्वहारा वर्गको नेतृत्वमा मजदुर र किसानको राज्यव्यवस्था भन्ने हो ।सर्वहारा वर्ग भनेको कम्युनिस्ट पार्टी अथवा अन्ततः गएर एकदलीय व्यवस्था भन्ने हो। तर कांग्रेस, एमाले र मधेशवादी शक्तिसहितको बलियो उपस्थिति रहेको संविधानसभामा उनीहरूलाई सम्पूर्ण रूपमा निषेध गरेर संविधान बन्न सक्दैनथ्यो । त्यही निषेध गर्ने संविधान वैद्य र विप्लवहरूले खोज्नुभयो । परिणामतः माओवादीभित्रको अन्तरकलहलाई कारण देखाउँदै शपथ गरेको केही हप्तामा कांग्रेस-एमालेका नेताहरू राजिनामा गरेर हिंड्नुभयो ।

माओवादीकै अन्तरकलहले गर्दा सहमतिको संविधान बन्दैन, त्यसैले हामी सरकारमा छैनौं भनेर उहाँहरू निस्केपछि पहिलो संविधानसभाको अन्त्य भयो। त्यसरी पार्टी फुटाउने काम गर्दागर्दै २०७० सालको दोस्रो संविधानसभामा कांग्रेस, एमालेले दुःख गर्नु परेन। कांग्रेस-एमाले-राप्रपाले गर्ने माओवादी हराउने काम वैद्य-विप्लवले गरिदिनुभयो। त्यसपछि माओवादी गए-गुज्रिएको अवस्थामा पुग्यो ।चुनाव यति महँगो भयो नेपाल देश अन्तर्गतका पूँजीपतिसँग चन्दा लिएर चुनाव लड्न नसकिने भयो । अथवा नेपाली रुपैयाँमा जम्मा भएको पैसाले चुनाव लड्न नसकिने भयो । आईसीले पनि नपुगेर डलर चाहिने भयो ।त्यसपछि प्रचण्ड-बाबुरामले पनि हेटौंडा महाधिवेशनमा फेरि 'मोनोपोली' गर्नुभयो । प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार बनाउने ठाउँमा उहाँहरू पुग्नुभयो । एकपटक छलफल पनि नगरी मञ्चबाट घोषणा गर्नुभयो ।२०६२ सालमा बसेको चुनवाङ बैठक भनिने केन्द्रीय समितिमा लोकतान्त्रिक गणतन्त्रका लागि संविधानसभा भन्ने प्रस्ताव ल्याइएको थियो । लोकतान्त्रिक गणतन्त्र भनेको के हो भनेर त्यसको संक्षिप्त परिभाषा समेत गरिएको थियो। लोकतान्त्रिक गणतन्त्र संक्रमणकालीन गणतन्त्र हो । यो सर्वहारा वर्गको नयाँ जनवादी गणतन्त्र पनि होइन। राजतन्त्र त हुने कुरै भएन र प्रचलित बुर्जुवा गणतन्त्र पनि होइन भन्ने थियो ।

त्यतिबेला यो संक्रमणकालीन गणतन्त्र हो भन्ने थियो । जब लोकतान्त्रिक गणतन्त्र स्थापना गरिनेछ, त्यसपछि बुर्जुवा वा पूँजीपति वर्गले यसलाई संसदवादीकरण गर्न खोज्नेछन् र हामी सर्वहारा वर्गले नयाँ जनवादी अथवा समाजवादीकरण गर्न संघर्ष गर्नुपर्छ भनिएको थियो । तर, २०६९ सालमा भएको हेटौंडा महाधिवेशनले रेग्मीलाई चुनावी सरकारको नेतृत्व सुम्पिएपछि लोकतान्त्रिक गणतन्त्रको संक्रमणकालीन चरित्र अन्त्य भयो ।

वैद्य-विप्लवको वामपन्थी विसर्जनवादले पहिलो संविधानसभामा अप्ठेरो पारेका कारण संविधान निर्माण गर्न सकिएन। दोस्रो संविधानसभामा खिलराज रेग्मीलाई सरकार बुझाएपछि लोकतान्त्रिक गणतन्त्रको संक्रमणकालीन चरित्र सिद्धियो । त्यसपछि दोस्रो संविधानसभामा माओवादी नाममात्रैको रह्यो ।अब प्रश्न उठ्छ- त्यो बेला प्रचण्डलाई हामीले किन सहयोग गर्‍यौं ?संविधानसभाबाट संविधान र लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गर्नुपर्छ भनेर देश, जनता र कार्यकर्तालाई होमिएको थियो। तर, त्यो नीतिविरुद्ध वैद्य-विप्लवहरू जब जानुभयो **बाँकी पृष्ठ ४ मा**

**असन्तुलित खानपान तथा जीवनशैलीका कारण**

- मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात, विभिन्न प्रकारका क्यान्सर, ढाड दुख्ने, अलजाइमर्स, श्वासप्रश्वास, मानसिक/उदासिनता जस्ता रोग हुन सक्दछन्।

**यस्ता रोगबाट बच्न;**

- सन्तुलित र स्वस्थ खाना खाने,
- शारीरिक क्रियाकलापमा सक्रिय रहने,
- मदिरा, सुर्ती तथा सुर्तिजन्य वस्तुको उपभोग नगर्ने,
- काम गर्दा सही तरिका र आसनको प्रयोग गर्ने,
- प्रशस्तमात्रामा पानी पिउने,
- तनावको उचित व्यवस्थापन गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विदेशमा आर्जन गरेको ज्ञान, सीप र पूँजी नेपाल भित्र्याउन आग्रह

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले गैरआवासीय नेपालीहरूलाई उनीहरूले विदेशी भूमिमा आर्जन गरेको ज्ञान, सीप र पूँजी नेपाल भित्र्याउन आग्रह गर्नुभएको छ। गैरआवासीय नेपाली सङ्घ, एनआरएनएको बैंककमा आज आयोजित एसिया प्यासिफिक क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सो आग्रह गर्नुभएको उहाँको सचिवालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।



नेपालको विकासका लागि संसारभर छरिएर रहेका नेपालीहरुले आफू रहेका स्थानमा आर्जन गरेका ज्ञान, सीप र पूँजी स्वदेश भित्र्याउन जरुरी छ। यसो गर्न सकियो भने हाम्रो देशमा समृद्धि छाउन धेरै समय लाग्दैन, उहाँले बताउनुभयो।वरिष्ठ उपाध्यक्ष ढकालले नेपाली नागरिकहरू विदेश जाने विश्वविद्यालयमा अध्ययन गर्न, कुनै विशिष्टिकृत सीप सिक्न र पूँजी आर्जन गर्नका लागि नै हो भन्दै विदेशी भूमिमा आफूले गरेको आर्जन स्वदेशको विकासमा लगाउन सके नेपालको विकास धेरै टाढा नरहेको बताउनुभयो।

सो सम्मेलनमा उहाँले भन्नुभयो, संसारमै छरिएर रहेका हामी नेपालीहरूको तीन उद्देश्य ज्ञान, सीप र पूँजी आर्जन गर्नु नै हो। देश विकासका लागि हामीलाई आवश्यक पर्ने चिज पनि यिनै हुन्। त्यसैले हामी संसारको जुनसुकै कुनामा भए पनि हाम्रो आफ्नो मातृभूमिलाई बिर्सनु हुँदैन। आफ्नो विदेशको कमाई आफू जन्मेको माटोका लागि खर्चिनुपर्दछ। वरिष्ठ उपाध्यक्ष ढकालले सबै गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न र आफू रहेका स्थानका विदेशीहरूलाई पनि नेपालमा लगानीका लागि प्रेरित गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, नेपालमा लगानीको वातावरण छ। हाम्रै देशको माटो मलिलो छ। आफ्नै देशको माटोमा सुन फलाउने अनगिन्ती अवसरहरू हामीसँगै छन्। प्रकृतिले पनि हामीलाई संसारकै धनी बनाइदिएको छ।

त्यसैले हाम्रै देशमा लगानी गरौं। अहिले जहाँ जेसुकै काममा रहेको भए पनि भोलिको सन्ततिका लागि हामीले हाम्रै घर बनाउनुपर्छ।श्रीलङ्कामा सुरु भएको आर्थिक सङ्कटका समयमा पनि संसारबाटै नेपालीहरूले चिन्ता व्यक्त गरेको आफूले महसुस गरेको स्मरण गर्दै ढकालले सबै नेपालीको चिन्ता आफ्नै मातृभूमिका लागि हो भन्ने कुरा स्पष्ट भएको बताउनुभयो। अहिले हामीले आर्जन गरेको पूँजी स्वदेशका लागि र हाम्रै सन्ततिका लागि नेपालमै लगानी गर्नुपर्ने उहाँको आग्रह थियो। उहाँले भन्नुभयो, सबै मिलेर नेपालमा लगानी भित्र्याउँ र हाम्रो आफ्नै मातृभूमिलाई समृद्ध बनाउँ।

## मूल मन्दिर परिसरको तस्बिर खिचे नगद जरिवाना गरिने

हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनले मूल मन्दिर र त्यस परिसरको तस्बिर खिचेमा नगद जरिवाना गरिने भएको छ। पशुपतिनाथको मूल मन्दिरभित्र तस्बिर खिच्न मनाही गरिँदै आएको छ। पछिल्लो समय सबैका हातमा मोबाइल हुने भएकाले तस्बिर खिच्ने क्रम बढ्न थालेपछि नगद जरिवानासहित कारवाही गर्न लागिएको जनाइएको छ।

## गौतमबुद्ध विमानस्थलमा कार्गो सेवा सुरू

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कार्गो सेवा सुरू भएको छ। शुक्रबार पहिलोपटक काठमाडौंको हिमालेक्स ट्रेडर्सले नेपाली उत्पादन राइजिङ स्टार कार्गो प्रालिमार्फत यो विमानस्थल प्रयोग गरेर विदेश निकासी सुरु गरेको हो।




व्यवसायिक उडान सुरु भएको तीन महिनापछि हिमालेक्सले हस्तकलाजन्य सामान जजिरा एयरबाट कुवेत ट्रान्जिट हुँदै फ्रान्स पठाउन लागेको कम्पनीका सञ्चालक प्रदीप सापकोटाले जानकारी दिए। पहिलो चरणमा दुई टन सामान निकासी हुन लागेको विमानस्थलले जनाएको छ। सामानको चेकजाँचपश्चात राजस्व दाखिला गर्नुपर्ने हुन्छ। सबै प्रक्रिया भई शनिबार जजिरा एयरमार्फत् कुवेत हुँदै फ्रान्सको लियोन विमानस्थल सामान पुग्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका भन्सार प्रमुख टीकाराम गैरेले बताए।

हालसम्म काठमाडौंस्थित त्रिभुवन विमानस्थबाट मात्रै अन्तर्राष्ट्रियस्तरमा कार्गो जाने गरेको थियो। दोस्रो विमानस्थल सञ्चालनमा आएपछि विमानस्थलको प्रवर्द्धन गर्न, यहाँबाट निकासी पैठारी गर्न सहज र सस्तो छ भन्ने सन्देश दिन पनि काठमाडौंबाट सामान ल्याएर विदेश निकासी सुरु गरेको हो। गौतमबुद्धबाट अहिले कुवेतको जजिरा एयरले सातामा तीन दिन उडान गर्दै आएको छ। यहाँबाट कार्गो सञ्चालनका लागि उसले निजी क्षेत्रसँग छलफल गरिरहेको छ। विमानस्थलमा छुट सुविधा पाएका कारण पनि काठमाडौंभन्दा भैरहवाबाट भाडादर सस्तो तोकिएको जजिराका बिक्री तथा बजार प्रबन्धक राजेन्द्र बानियाँले बताए। राइजिङ स्टार कार्गो प्रालिका व्यवस्थापक जीवन पन्तले गौतमबुद्ध विमानस्थलको प्रवर्द्धन अहिलेको आवश्यकता भएको बताए। यसै कारण पनि 'रिक्स' मोलेर काठमाडौंबाट ट्रकमा सामान लोड गरेर भैरहवा ल्याएर निकासी गर्न लागेको जनाए। विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले पनि यस क्षेत्रका व्यवसायीलाई आर्यातनिर्यात गर्दा गौतमबुद्धलाई प्रयोग गर्न आग्रह गरे।

उनले निकासीमा ध्यान दिए अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनले राम्रो पकड जमाउन सक्ने जनाए। गौतमबुद्धमा नयाँ कार्गो भवन निर्माण अन्तिम चरणमा छ। तत्कालका लागि अस्थायी रुपमा दैनिक चार-पाँच सय टन सामाग्री आयात-निर्यात गर्न सकिने संरचना बनाइएको छ। विमानस्थलका अधिकारीहरूले केही कानूनी जटिलता हटाउने हो भने विदेश सामान निकासीका लागि नजिकका भारतीय बजारका उत्पादन पनि गौतमबुद्ध हुँदै वाह्य मुलुक पठाउन सकिने बताए।

## नेपाल टी-२० को लागि खेलाडी दर्ता खुला

नेपाल क्रिकेट संघ (क्यान) ले नेपाल टी २० को लागि खेलाडी दर्ता खुला गरेको छ। क्यानले शनिबार सामाजिक सञ्जालमार्फत खेलाडी दर्ता खुला भएको जानकारी दिएको हो। क्यानले खेलाडी दर्ताका लागि चार मापदण्ड राखेको छ। दर्ताका लागि राष्ट्रिय खेलकुद, प्रधानमन्त्री कप, मेयर कपमा सहभागी भएको हुनुपर्ने र सन् २०१८ देखि औसतभन्दा माथिको प्रदर्शन गरेको हुनुपर्ने, नेपाली यु १९ राष्ट्रिय टिममबाट अन्तर्राष्ट्रिय प्रतियोगिता र शृंखलामा प्रतिनिधित्व गरेको हुनुपर्ने, सन् २०१८ देखि सिनियर टिममा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीलाई प्राथमिकतामा राखिने र सन् २०१८ यता विभिन्न फ्रेन्चाइज प्रतियोगिताहरुमा सहभागी खेलाडीहरुलाई प्राथमिकता मा राखिने क्यानले जनाएको छ। क्यानले खेलाडी दर्ताका लागि अगस्ट ३१ सम्मको समय दिएको छ। असोज आठ गतेदेखि कार्तिक पाँच गतेसम्म चल्ने नेपाल टी २० क्यानको आधिकारिक प्रतियोगिता हो। यसमा नेपालका विभिन्न ६ सहरका ६ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गर्नेछन्।

## निर्वाचनका लागि घरघरमा मतदाता शिक्षा दिने तयारी

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ का लागि विद्युतीय प्रचार सामग्री र मतदाताको घरदैलोमा जाने कार्यक्रमको तयारी गरेको छ। गत वैशाख ३० गतेको स्थानीय तह निर्वाचनमा घरदैलो कार्यक्रम नगरेका कारण मतदाता शिक्षा अपुग भएको गुनासो आएपछि आयोगले अबको निर्वाचनका लागि घरदैलो कार्यक्रम गर्ने तय गरेको हो।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले अर्थ मन्त्रालयबाट समग्र निर्वाचनको बजेट स्वीकृति र आयोगबाट निर्वाचनसम्बन्धी निर्देशिकाहरु जारी भएपछि त्यसका आधारमा सामग्रीहरुलाई अन्तिम रुप दिइने बताए। आयोगका मतदाता शिक्षा तथा सूचना शाखाका प्रमुख अर्यालले विद्युतीय (डिजिटल) स्रोत सामग्रीको उत्पादनमा विशेष जोड दिइने र त्यसलाई सञ्चारमाध्यम, सामाजिक सञ्जाल र अन्य माध्यमबाट प्रचारप्रसार गरिने जनाए। कम खर्च र स्मार्ट रुपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेका कारण स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि घरदैलोमा टोली पठाइएको थिएन। निर्वाचन चिह्नमा मतसङ्केत गरी मतदान गर्नुपर्ने जस्ता विषय मतदाता शिक्षामा समावेश हुनेछन्।


# नेत्रावती डबजोङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सेमजोङ, धादिङ
बागमती प्रदेश नेपाल

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१२)

**बागमती प्रदेश धादिङ जिल्लाको नेत्रावती डबजोङ गाउपालिका भएर बग्ने आंखु खोला, लपाङ खोला र भर्याङभुरुङ खोलाको बिभिन्न क्षेत्रबाट ढुङगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्ने प्रस्ताव गरिएको छ यस कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ संग सम्बन्धीत अनुसूची २ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण(IEE) गरी प्रतिबेदन तयार गर्न लगिएकोले तल उल्लेखित उक्त प्रस्ताव कार्यान्वायन हुंदा तपशिल बमोजिम क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने प्राकृतिक भौतिक प्रणली, जैवीक प्रणाली, समाजिक प्रणाली,सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली एवं यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा यस गा.पा. भित्रका संम्बन्धित क्षेत्रका वडा कार्यालय, विद्यालय,स्वास्थ्य चौकी र सरोकारवाला ब्यक्ति एवं संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब र प्रतिक्रिया पठाई सहयोग गरिदिनु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।**

**तपशिल**

| सि.न. | खोलाको नाम | अध्ययन गरिने क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|---|
| १ | आंखु खोला | किन्तडफेदी,सापटारी,मजुवा,केराघारी पुछार,पन्तटार | वडा नं.१, ने.ड.गा.पा. |
| २ | लपाङ खोला | लपाङफेदी,रिङने | वडा नं.१, ने.ड.गा.पा |
| ३ | भर्याङभुरुङ खोला | भर्याङभुरुङ | वडा नं.४, ने.ड.गा.पा |

**राय सुझाव पठाउने ठेगानाः**

ईमेल:netrawatimun@gov.np

**नेत्रावती डबजोङ गाउपालिका सेमजोङ,धादिङ**

**प्रमुख प्रशासकीय अधिकृत**

# चुनाव लड्न नेपाली रुपैयाँ होइन....................

त्यो गलत थियो । देश र जनतामाथि यसरी खेलबाड गर्नुहुँदैन भनेर हामीले प्रचण्डलाई साथ दिदै आयौं ।यसरी हामीले साथ दिएर न्यूनतम प्रगतिशील संविधान बनायौं । राजतन्त्रभन्दा गणतन्त्र प्रगतिशील नै हो, अहिले यसको चरित्र जेसुकै भए पनि । अब बहुजातीय, संस्कृति, भूगोल, विविधता भएको मुलुक नेपाल भनिसकेपछि सिद्धान्तमा संघीयता प्रगतिशील नै हो । व्यवहारमा भने मिलेको छैन ।

आंशिक समानुपातिक समावेशिता पनि प्रगतिशील नै हो । अहिले असाध्यै पिछडिएको वर्गका नभए पनि समुदाय, जाति, लिंगका मानिस वडादेखि संघसम्म निर्वाचित गर्ने व्यवस्था बनेको छ। प्रशासनमा पनि पिछडिएको क्षेत्रका थुप्रै मान्छे अधिकृत बन्दैछन्। उनीहरूप्रति हेर्ने दृष्टिकोण भने राम्रो नबनिसके पनि उनीहरू त्यो पहुँचमा पुग्दैछन् । व्यवहारमा जे भने पनि धर्मनिरपेक्षता पनि बनेको छ । यी उपलब्धि हुन्।लागू नभएतापनि मौलिक हकमा शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरिएको छ । संविधानमा समाजवादउन्मुख राज्यको परिकल्पना गरिएको छ । सिद्धान्ततः संविधानको गर्भमा समाजवादको भ्रूण छ।

त्यो भ्रूणको हत्या गर्न दलाल पूँजीपतिहरू कस्सिएर लागेका छन् । त्यो समाजवादको भ्रूणको रक्षा गर्दै अगाडि बढ्न सर्वहारा वर्ग, देशभक्तले प्रयत्न गर्नुपर्ने हुन्छ ।नसच्चिए विस्थापनको स्थितिमा दल र नेता अहिले देशमा जुन रडाको मच्चिएको छ यसले पार्टी र नेताहरू वस्तुतः विस्थापनको स्थितिमा छन्। मानिस आँकडा सुनाउँछन्, २०४६/४७ सालमा नेपालको समग्र बजेटमध्ये ६० प्रतिशतभन्दा बढी विकास बजेट हुन्थ्यो । जुन अहिले प्रशासनिक बजेट छ । बाँकी रहेको ४० प्रतिशतमा पनि २० प्रतिशत वित्तीय व्यवस्थापन भनेर देशी-विदेशी ऋणपान चुक्ता गर्नुपर्‍यो । विकास बजेट बाँकी रह्यो २० प्रतिशत । त्यो पनि १० प्रतिशत कमिसनमा र १० प्रतिशत मात्रै खर्च हुन्छ । यो अहिले हाम्रो देशको स्थिति हो ।

राप्रपाका एक नेताले 'सबै नेता भनेका चोर हुन्' भने । उद्देश्यमा भने फरक छ तर, मलाई पनि त्यो अनुभूति भइरहेको छ । यस्तो हुनपुग्नुको मुख्य कारण माओवादीभित्रबाट वाम विसर्जनवादी वैद्य-विप्लव र बाहिरबाट कांग्रेस-एमाले रहे ।यसका कारण पहिलो हुने व्यक्ति जित्ने निर्वाचन प्रणाली यथावत् छ । न्यूनतम प्रगतिशील संविधानअनुसार दोस्रो निर्वाचन हुँदैछ । यो नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद अन्तर्गतको निर्वाचन प्रणाली हो । यसले राजनीतिक समानताका आधारमा आर्थिक समानता कायम गर्ने भन्छ । दलीय राजनीतिक स्वतन्त्रताभित्र निजी स्वतन्त्रता, वाक्स्वतन्त्रता, प्रेस स्वतन्त्रता पनि पर्दछन् । नेपाली कांग्रेसले प्रजातान्त्रिक समाजवादलाई आफ्नो अन्तिम लक्ष्य भनेको छ, त्यो यही हो ।

कम्युनिस्ट आवरणमा देशभक्त जनवादी नेता- मदन भण्डारी

त्यस्तै मदन भण्डारी देशभक्त जनवादी नेता हुनुहुन्थ्यो, तर कम्युनिस्ट होइन । कम्युनिस्टको आवरणमा काम गर्नुभयो । देशभक्त भएकै कारण उहाँलाई दासढुंगामा लिएर खसालिएको हो । तर, कम्युनिस्ट आन्दोलनको हकमा उहाँले जनतालाई ढाँट्नुभयो । प्रजातान्त्रिक भनेपछि कांग्रेस भइहाल्ने, जनवादी भनेपछि कम्युनिस्ट हुने भयो ।त्यसैले कांग्रेसको बहुदलीय प्रजातन्त्र र एमालेको मदन भण्डारीले ल्याएको बहुदलीय जनवाद भनेको अंग्रेजी भाषामा 'मल्टी पार्टी डेमोक्रेसी' हो । जनवाद भन्दैमा त्यो कम्युनिस्ट हुँदैन । त्यसका प्रकारहरू फरक हुन्छन् । राजा विनाको र राजासहितको प्रजातन्त्र भने जस्तै ।घोर अलोकतान्त्रिक निर्वाचन प्रणाली त्यसैले माओवादी शान्ति प्रक्रियामा आएर बिग्रिनुअघि एमालेलाई भाइ कांग्रेस भनिन्थ्यो । एमाले प्रजातान्त्रिक समाजवादमा प्रवेश गरेकोले त्यसो भनिएको रहेछ ।त्यसपछि प्रचण्डहरू पनि पहिलो हुने व्यक्ति जित्ने प्रणालीमा प्रचण्डहरू प्रवेश गर्नुभयो । पुरानै व्यवस्थामा प्रचण्डको सहवरण भयो । यसरी अहिले समाजवाद नेपालमा केवल नारामा सीमित भएको छ ।

व्यवहारमा नेपाली कांग्रेसले भनेको प्रजातान्त्रिक समाजवादको अर्थ-राजनीतिक कार्यक्रम नै हो । यो भनेको नवउदारवाद हो । वस्तुतः पूँजीवाद नै हो ।केही समयअघि मात्रै नेपाली कांग्रेसका नेता शशांक कोइरालाले अघिल्लो निर्वाचनमा ६ करोड खर्च गरेको भनेर बोल्नुभयो । त्यो एकदमै सत्य हो ।माधव नेपालले संसदमै चुनाव साह्रै महँगो भयो भन्नुभयो । भर्खरै प्रचण्डले पनि एउटा नगरप्रमुख जित्न १० करोड खर्च हुन्छ भनेर बोल्नुभयो । निर्वाचन आयोगले प्रमाण खोजेको भन्ने समाचार आएका छन्।

यो पहिलो हुने व्यक्ति जित्ने निर्वाचन प्रणालीले खर्च गराएको छ । जितेपछि गरेको खर्च असुल गर्नुपर्‍यो । त्यसो गर्दा भ्रष्टाचार संस्थागत भएको छ । संघीय संसदमा शासकहरूको सम्बन्ध विभिन्न प्रकारका थिए । तर, देशव्यापी जनताले गलत हो भनेर खबरदारी गर्दागर्दै लम्पसार परेर तथाकथित व्याख्यात्मक घोषणा भनेर पारित गरे । त्यो के हो त? चुनाव यति महँगो भयो नेपाल देश अन्तर्गतका पूँजीपतिहरूसँग चन्दा लिएर चुनाव लड्न नसकिने भयो । अथवा नेपाली रुपैयाँमा जम्मा भएको पैसाले चुनाव लड्न नसकिने भयो । आईसीले पनि नपुगेर डलर चाहिने भयो । एमसीसी र एसपीपीलगायत जति पनि प्रश्न उठिराखेका छन्, ती गलत सम्झौताहरूमा हाम्रा नेता, राजनीतिक संस्था र निकायहरू पुगिराखेका छन् । यो नेपाली समाजको दुःखको कारण प्रजातान्त्रिक अर्थ-राजनीतिक विचारधारा हो ।यसलाई सूत्रबद्ध गर्दा अहिलेको निर्वाचन प्रणाली घोर अलोकतान्त्रिक छ । संविधानसभाको निर्वाचन २०७० मा महोत्तरी जिल्लाबाट एकजना यस्तो सभासद निर्वाचित भएर आउनुभयो, जहाँ ४० हजार सदर मत भयो; त्यसमा ३३०० मत ल्याउने उम्मेदवार निर्वाचित भएर आउनुभयो । आठ दश जनाले बराबरी मत पाएछन् । प्रतिस्पर्धात्मक मत ल्याउँदा ३३०० मत ल्याएर पहिलो हुने व्यक्ति जितिहाल्यो ।लोकतन्त्र भनेको बहुमतको शासन हो । यो सार्वभौम विषय हो। संविधानमा लेखिएको छ । यो उदाहरणमा केही हजार बदर मत थियो होला, केही मत दिन पनि पुगेका थिएनन् होला । बीसौं हजार उमेर नपुगेर मतदान गर्न नपाएका पनि थिए होलान् । त्यत्रो जनताको प्रतिनिधित्व ३३०० ले गर्ने अवस्था आयो । त्यसैले यो निर्वाचन प्रणाली घोर अलोकतान्त्रिक छ ।

भ्रष्ट निर्वाचन प्रणालीले मजदुर, किसान, चेपाङ, राउटे आदिलाई अगाडि आउन दिँदैन । यो प्रजातान्त्रिक निर्वाचन प्रणालीको दोस्रो खराब विशेषता हो ।राष्ट्रिय चरित्र विरोधी निर्वाचन प्रणाली हो । अहिले १६५ वटा तथाकथित निर्वाचन क्षेत्र भनिएको छ। त्यो प्रत्यक्ष निर्वाचन क्षेत्र भनेको संयुक्त गाउँ-नगरपालिका क्षेत्र हो ।अहिले खड्ग ओली, शेरबहादुर देउवा, प्रचण्डहरू आफूलाई ठूलो नेता ठान्नुहुन्छ। तर उहाँहरू गाउँ-नगरपालिका क्षेत्रका संयुक्त अध्यक्ष हुन् । एक दुईवटा पालिकाको निर्वाचन क्षेत्र छ, त्यसको प्रतिनिधि जे-जसरी गरेर पनि उहाँहरूले चुनाव जित्नुहुन्छ । त्यो जिल्ला समन्वय समितिको संयोजक जति पनि होइन ।एउटा मात्रै निर्वाचन क्षेत्र भएको जिल्लामा भने त्यो अलिक फरक मान्न सकिन्छ। यो निर्वाचन प्रणाली र क्षेत्रले गर्दा जो जहाँबाट जितेर आउँछन्, त्यहाँको स्थानीय जनताले भनेको मान्न ती प्रतिनिधिहरू बाध्य छन् । - अनलाईनखबर

# घरेलु हिंसा अत्यधिक बढ्दै



मकवानपुर जिल्लामा महिलामाथिको घरेलु हिंसा बढ्दै गएको एक तथ्याङ्कले जनाएको छ । पुरुषको तुलनामा महिलामाथि घरेलु हिंसाका घटना बढी हुने गरेको जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्रले जनाएको छ ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा २०७८/७९ मा घरेलु हिंसाको उजुरी झण्डै दोब्बर परेको सो कार्यालयले जनाएको हो । अघिल्लो आवमा दुई सय ८६ वटा उजुरी परेकामा गत आवमा चार सय ३९ वटा घरेलु हिंसासम्बन्धी उजुरी परेको हो । अघिल्लो आवमा परेका उजुरीमध्ये एक सय ८६ वटा उजुरीको मिलापत्र गराइएको थियो भने ५० वटा मुद्दा अदालतमा गएको थियो ।

त्यस्तै गत आर्थिक वर्षमा घरेलु हिंसाका चार सय ३९ वटा उजुरी परेकामा दुई सय ६० वटा उजुरीको मिलापत्र गराइएको ६१ वटा उजुरी अदालतमा मुद्दाका रूपमा गएको र एक सय १८ वटा उजुरीको छिनोफानो भइरेको छ । आव २०७८/७९ को साउन महिनामा ३८, भदौमा ४४, असोजमा ३३, कात्तिकमा ३७, मङ्सिरमा ३४, पुसमा ३६, माघमा २४, फागुनमा ३१, चैतमा ३९, वैशाखमा ३६, जेठमा ४५ र असारमा ४२ घरेलु हिंसासम्बन्धी उजुरी परेको र तीमध्ये अधिकांश अधिकारका लागि परेको सो कार्यालयले जनाएको छ । विगतमा सामाजिक तथा परिवारिक डर, त्रास र भयका कारण न्यायका लागि महिला प्रहरी र अदालतमा जान डराउँथे।

तर अहिले चेतना अभिवृद्धि भएसँगै महिला पनि न्यायका लागि नगरपालिकादेखि अदालतसम्म धाउन थालेपछि उजुरीको सङ्ख्या बढ्दै गएको हो । यस सम्बन्धमा वन विज्ञान अध्ययन संस्थानका प्राध्यापक डा ललितकुमार दासले महिलामाथि हिंसा कतैबाट हुन नहुनेमा जोड दिँदै अधिकार नपाएमा उनीहरुले उजुरी गर्नु स्वाभाविक हो भन्नुभयो ।

# किसानलाई स्याउ टिप्न चटारो



मुगुको छायाँनाथ रारा नगरपालिका-५ ताल्वाकी विस्नमाया रोकायाको परिवारलाई यतिवेला आफ्नो बगैँचामा फलेको स्याउ टिप्न भ्याइनभ्याई छ । यस्तै वडा नं ४ का हरिबहादुर भाम पनि स्याउ टिप्नमै व्यस्त हुनुहुन्छ । रोकाया र भाम मात्र होइन गाउँका सबैलाई स्याउ टिप्न चटारो छ ।

यतिवेला मुगुमा स्याउ उत्पादन हुने क्षेत्रका किसान स्याउ बगैँचामै भेटिन्छन् । उत्पादन हुने क्षेत्रका किसानलाई स्याउ टिप्ने चटारो छ । उनीहरु बिहानैदेखि स्याउ टिप्न व्यस्त देखिन्छन् । जिल्लाको बाम, ताल्वा, रोवा, शोभा, खमाले सेरीलगायत क्षेत्र स्याउको पकेट क्षेत्र मानिन्छ । यस क्षेत्रका किसान स्याउ टिपेर आर्थिक उपार्जनमा लागेका छन् ।

भदौ लागेसँगै किसानलाई स्याउ टिप्न भ्याइनभ्याई भएको हो । अधिकांश किसान बिहान सबेरैदेखि राति अबेरसम्म स्याउ बारीमै व्यस्त रहन्छन् । हाम्रो आम्दानीको श्रोत नै यही हो, छायाँनाथ रारा-५ ताल्वाकी विस्नमाया रोकायाले भन्नुभयो । यो समय स्याउ टिप्नका लागि उपयुक्त नभएको उहाँको भनाइ छ । भदौ अन्तिम सातामा टिप्नलाई उचित हुन्छ ।

समय अघि नै किसान स्याउ टिप्न थालेका छन् । ढिला टिपे कुहिन्छ की भन्ने चिन्ता छ, छायाँनाथ रारा-५ कै हरिबहादुर भामले भन्नुभयो, बिक्री नहुने हो की चिन्ता छ । धमाधम स्याउ टिपेर किसानले बगैंचा खाली गर्न थालेका छन् । किसानलाई स्याउ भण्डारण गर्न समस्या छ । उचित ठाउँ अभावले स्याउ कुहिले डर छ, उहाँले भन्नुभयो । स्याउ खरिद गर्न स्थानीय व्यापारी बगैँचामै आएका छन् । व्यापारी आएका कारण पनि किसानले काँचै स्याउ बेच्न हतार गरिरहेको देखिन्छ । पछि व्यापारी भेटिन्न की भन्ने समस्या छ, भामले भन्नुभयो । व्यापारीले बगैँचाबाटै प्रतिकिलो रु ३० मा स्याउ किन्ने गरेका छन् । उत्पादन धेरै भएको स्याउ बजारीकरणको समस्याले कुहिने डरले हतार हतारमा बिक्रि गर्न लागेको उहाँ बताउनुहुन्छ । स्याउ किसान सूर्यप्रकाश भामका अनुसार राख्नलाई कार्टुनसमेत अभाव भएको छ । स्याउ टिप्न डोकाको प्रयोग गर्ने गरेका छौं, राख्नलाई केही छैन । बजारीकरणको समस्या पनि उत्तिकै छ, उहाँले भन्नुभयो।

प्रो. देबराज अछामी
मो. (९८६६०७७७९६,९८१३२८७१७८)
अछामी ईलेक्ट्रोनिक्स एण्ड गिफ्ट पसल
हाम्रा सेवाहरु
सम्पुर्ण ईलेक्ट्रोनिक्सका सामानहरु, घडि, रेडियो, मोबाईल बिक्री तथा सम्पुर्ण ईलेक्ट्रोनिक्स सामानहरु मर्मत गरिनुका साथै गिफ्ट र कस्मेटिक र खेलौना आईटमका सम्पुर्ण सामानहरु पाइन्छ ।
सिद्धलेक गा.पा.-२, ठाटीभञ्ज्याङ

मैनबत्ति डटकम अनलाइनमार्फत विज्ञापन प्रकाशन गर्न इच्छुक महानुभावहरु ले ९८६६०७७७९९ वा ०१०-५९०४३० मा सम्पर्क गर्नुहोला ।




धादिङ सञ्चार प्रा.लि.द्धारा सञ्चालित
निलकण्ठ एफ.एम. ९८.५ मेगाहर्ज
के तपाई आफ्नो व्यापार व्यवसाय बढाउन चाहन्छु हुन्छ यदि त्यसो हो भने आज नै निलकण्ठ एफ.एम.मा विज्ञापन दिहाल्नुस ।
98.5 Neelkantha FM Dhading
नीलकण्ठ नगरपालिका-३, धादिङबेसी, धादिङ, फोन : ०१०-५२१४३०, ९८५११२०८५०

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : अनिल कुमार नेपाली, Email : pratyushdainik@gmail.com